आज मिति २०८१ साल कार्तिक ७ गते बुधबारका दिन कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको आ. व. २०८१/८२ को चौथो बैठक गाउँपालिकाका अध्यक्ष श्री हरिकृष्ण देवकोटा ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी देहायका विषयवस्तुहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थितिः**

अध्यक्षः श्री हरिकृष्ण देवकोटा

उपाध्यक्षः श्री मिरा तामाङ

वडा अध्यक्षः श्री दावा तामाङ, कालिका -१

वडा अध्यक्षः श्री उमेश बहादुर न्यौपाने, कालिका– २

वडा अध्यक्षः श्री फणिन्द्र प्रसाद न्यौपाने, कालिका– ३

वडा अध्यक्षः श्री खेसम तामाङ, कालिका– ४

वडा अध्यक्षः श्री सन्दिप पौडेल, कालिका– ५

का. पा. .सः श्री किप्पा थोक्रा

" " " श्री लाल माया तामाङ

" " " श्री दुर्गा भट्ट

" " " श्री सर्मिला घले

" " " श्री छेजी याल्मो घले

" " " श्री कृष्ण बहादुर विश्वकर्मा

सचिवः श्री कृष्ण वहादुर के.सी. कुँवर, प्रमुख प्रशासकीय अधिकृत

**आमन्त्रित**

लेखा अधिकृत श्री वाचस्पति सुनुवार

शाखा अधिकृत श्री लिलानाथ नेपाल

सू.प्र.अ. श्री उमेश देवकोटा

एमआईएस अपरेटर श्री नवराज पौडेल

क.अ. श्री विष्णु देवकोटा

**प्रस्ताव तथा छलफलका विषयहरू:**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. सातौं/आठौं तहको माग आकृति पठाउने सम्बन्धमा ।
३. चालु आ.व. २०८१/०८२ को स्विकृत कार्यक्रम दुग्ध उत्पादन कृषकहरुका लागि दुग्ध/पशु ढुवानी भाडा प्रोत्साहन अनुदान शिर्षकबाट बाँडफाँड सम्बन्धमा ।
४. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।
५. IEE गराउने सहमती माग गर्ने सम्बन्धमा ।
६. विविध ।

## निर्णयहरू:

**निर्णय नं. १**
कालिका गाउँपालिकाको मिति २०८१।०६।०७ गते बसेको आ.व. २०८१/०८२ को तेस्रो कार्यपालिका बैठकको निर्णय कार्यान्वयको समिक्षा गर्दा निर्णयहरु अधिकांश कार्यान्वयन भएको पाईयो ।

**निर्णय नं. २**
बागमती प्रदेश लोक सेवा आयोगको मिति २०८१/०७/०२ च.नं. १११ को माग आकृति फारम पठाउने सम्बन्धमाको पत्र वाचन गरी कार्यपालिका समक्ष सुनाईयो र सो सम्बन्धमा यस गाउँपालिका र अन्तरगत खाली रहेका तपशिल बमोजिमको स्विकृत सातौं/आठौं तहका दरवन्दीको माग आकृति फारम भरी पठाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

| क.सं. | सेवा/समुह | किसिम | पद | तह/श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय/कृषि/भेटेनरी | प्राविधिक | अधिकृत | अधिकृत सातौं/आठौं | १ | अनिवार्य अवकाश पछि खाली भएको |
| २ | स्थानीय/सामान्य प्रशासन | अप्राविधिक | शाखा अधिकृत | अधिकृत सातौं | १ | सरुवा पश्चात खाली भएको |

**निर्णय नं. ३**
कालिका गाउँपालिकाको चालु आ.व. २०८१/०८२ मा स्विकृत कार्यक्रम दुग्ध उत्पादक कृषकहरुका लागि दुग्ध/पशु ढुवानी भाडा प्रोत्साहन अनुदान शिर्षकबाट तपशिल बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

| योजना/कार्यक्रम | बजेट रु. |
|---|---|
| | ६,००,०००।- |
| डिडिसीको संकलन केन्द्र सम्म दुग्ध ढुवानीमा अनुदान | १,५५,०००।- |
| व्यवसायीक कृषकहरुलाई उन्नत जातको पशु ढुवानी अनुदान (नुवाकोट र रसुवा जिल्ला वाहेक अन्य जिल्लाहरुबाट उन्नत जातको दुधालु गाई/भैंसी ढुवानी गर्न एक कृषकका लागि कम्तिमा २ र वढीमा ३ वटा सम्म ढुवानी गर्न प्रति पशु रु. ५०००।-) | ४५,०००।- |
| कालिका-५ को दुग्ध संकलन केन्द्र भाडा | २,००,०००।- |
| दुग्ध उत्पादक कृषकलाई उत्पादनमा आधारित अनुदान प्रति लि. रु ३ मात्र | |

**निर्णय नं. ४**
कालिका गाउँपालिकाको नियमित सार्वजनिक सुनुवाई कार्यक्रम तपशिलको मिति स्थान र समयमा संचालन गर्न आवश्यक व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने तथा सार्वजनिक सुनुवाई कार्यक्रममा सहजिकरण गर्ने संस्थाको रुपमा रेडियो लाङटाङ ९०.३ मेगाहर्ज कालिका-२ स्याउवारी रसुवालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल**
मिति : २०८१।०७।२९
स्थान : कालिका गाउँपालिकाको नयाँ भवनको हल, कालिका-२, धैवुङ, रसुवा
समय : विहान ११:०० बजे

**निर्णय नं. ५**
कालिका गाउँपालिकाको वडा नं. १ अन्तरगत पर्ने त्रिशुली खोला नदि किनारा (बाँदरे र गुम्चेत) र वडा नं. ३ र ४ अन्तरगत पर्ने फलाखुखोला, धोविखोला र पाखाखोला नदि किनारामा नदिले ल्याई थुपारेका नदिजन्य पदार्थ ढुंगा गिट्टी वालुवा ग्रावेल तथा माटो उत्खनन गरी विक्री वितरणका लागि ठेक्का प्रक्रियामा जान परामर्शदाता मार्फत प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्न तयार गरिएको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) को

कार्यसूची कार्यपालिकाद्धारा स्विकृत गरी प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रक्रिया अगाडि बढाउन लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय र सम्बन्धित निकाय वा कार्यालय/विभाग/मन्त्रालयको सहमती माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध १**

चालु आ.व. २०८१/०८२ को वर्षातको समयमा परेको भारी वर्षातका कारण कालिका गाउँपालिका वडा नं. २ को कालिका हिमालय मा.वि./क्याम्पसको भवन अगाडी रहेको खेल मैदानबाट पहिरो गै भवन जोखिममा रहेको, तत्काले संरक्षणको कार्य नगरेमा थप जोखिम हुने अवस्था सिर्जना भएको र उक्त भवन संरक्षण कार्य गर्न/गराउन गाउँपालिका सँग स्रोत अभाव हुनुका साथै अन्यत्र कुनै निकायबाट बजेट सुनिश्चितता हुने सम्भावना नरहेकोले वागमती प्रदेश सरकारको चालु आ.व. २०८१/०८२ को जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय रसुवा मार्फत कार्यान्वयन हुने स्विकृत कार्यक्रम घुम्ती धोवीखोला प्राङ्से जोखिम पहिरो नियन्त्रण कार्य कालिका-२, ५, रसुवा (रु.२० लाख) कार्यान्वयन गर्ने क्रममा कालिका-२ मा पर्ने कालिका हिमालय मा.वि./क्याम्पस संरक्षण कार्य समेत समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाई दिन जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय रसुवालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध २**

कालिका गाउँपालिका अन्तरगत श्री बच्छलादेवी आ.वि. को विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०६/१३ गतेको निर्णय तथा नौकुण्ड गाउँपालिकाको मिति २०८१/०६/१५ च.नं. १९४ सरुवा सहमती दिइएको बारे विषयको पत्रानुसार नौकुण्ड गाउँपालिका अन्तरगत श्री ज्वालामुखी आधारभूत विद्यालयमा कार्यरत स्थायी प्रा.शि. तृत्तिय श्री निरन्जना पौडेललाई यस गाउँपालिकाको श्री बच्छलादेवी आ.वि. मा सरुवा भै आउन सरुवा सहमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध ३**

कालिका गाउँपालिका अन्तरगत श्री सेतीभूमे मा.वि. कालिका-१ राम्चेमा मा.वि. तथा नि.मा.वि. शिक्षक अभावका कारण पठनपाठनमा कठिनाई भएकोले रिक्त दरवन्दीमा करार नियुक्ती प्रक्रिया अगाडि वढाउने अनुमती तथा अन्य थप आवश्यक शिक्षक व्यवस्थापन गरिदिन विद्यालय व्यवस्थापन समितिको निर्णय सहित अनुरोध भै आएको सन्दर्भमा कक्षा बालविकास देखि १२ सम्म पठन पाठन हुने उक्त विद्यालयमा रिक्त रहेका र गाउँपालिका स्रोतबाट खर्च व्यहोर्ने गरी थप गरिएका तपशिल बमोजिमको करार शिक्षक नियुक्ती प्रक्रिया अगाडि बढाउन विद्यालयलाई अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल**

| क.सं. | बजेट स्रोत | तह/श्रेणी | पद | संख्या | विषय | अवधि | मासिक तलव सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| साविकमा रहेका रिक्त पदहरु तर्फ | | | | | | | | |
| १ | बागमती प्रदेश अनुदान | मा.शि.तृ. | मा.शि.करार | १ | अंग्रेजी | २०८२ असार मसान्त सम्म | स्केल अनुसार | |
| २ | नेपाल सरकार अनुदान | नि.मा.शि.तृ. | नि.मा.शि. | १ | अंग्रेजी | स्थायी शिक्षक नआउँदा सम्म | स्केल अनुसार | स्थायी शिक्षकहरुको सरुवा सहमतीका लागि सुचना प्रकाशन गरी सूचना अनुसार सरुवा सहमतीमा आवेदन नपरेमा प्रक्रिया अगाडि बढाउने |
| ३ | वडा अनुदान | नि.मा.शि.तृ. | खेलकुद शिक्षक | १ | खेलकुद | वडाले बजेट व्यवस्थापन गर्दा सम्म | वडा तोके बमोजिम | |
| नयाँ थप स्वयंसेवक शिक्षक तर्फ | | | | | | | | |
| १ | कालिका गाउँपालिका अध्यक्ष विकास कार्यक्रमबाट रु १,५६,०००। र नपुग रकम शिक्षाको शसर्त तर्फको बजेट | मा.वि. | मा.शि. स्वयंसेवक | १ | लेखा/अर्थशास्त्र | २०८२ असार मसान्त सम्मका लागि | रु. ३५,०००।- | |
| २ | | आ.वि. | प्रा.शि. स्वयंसेवक | १ | | २०८२ असार मसान्त सम्मका लागि | रु. २२,०००।- | |

**निर्णय नं. ६ विविध ४**

कालिका गाउँपालिका वडा नं. २ मा ठेक्का प्रक्रिया मार्फत संचालित धैवुङ खानेपानी आयोजना स्किम नं. १ र २ को म्याद २०८१ कार्तिक मसान्त सम्म रहेको सन्दर्भमा मिटर जडान सम्बन्ध कार्य पूर्णरुपमा तथा गुणस्तरीय नभएको भनी अनुगमन समितिबाट प्रतिवेदन समेत प्राप्त भएको सन्दर्भमा गुणस्तरीय कार्य सम्पन्न गरी २०८१ कार्तिक मसान्त भित्रै भुक्तानी माग गर्न निर्माण व्यवसायीहरुलाई ताकेता गर्ने साथै वडा नं. ५ को सडक वाला निर्माण व्यवसायीले समेत काम सुरु नगरेको भन्ने वडा कार्यालयबाट जानकारी आएकोले निजलाई समेत समयमै कार्य सम्पन्न गर्न ताकेता गर्न प्रमुख प्रशासकीय अधिकृतमार्फत प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ विविध ५**

कालिका गाउँपालिकाको कृषि शाखा तर्फ सहायक पाँचौ तहका स्थायी कर्मचारी सरुवा भै रिक्त भएको दरवन्दीमा कृषि तर्फकै कार्यक्रम बजेटबाट स्वयंसेवक पदमा कार्यरत श्री मिडमार डोमा स्याङबालाई नियुक्ती दिई कामकाज लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।